नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

( स्थानीय तह समन्वय शाखा )

सिंहदरबार, काठमाण्डौं
फोन नं.-४२००५११/४२००३०४

पत्र संख्या: ०७७/७८
चलानी नं.: १४६

मिति :२०७७/०८/०५

विषयः <u>कक्षा १२ को परीक्षा संचालन सम्बन्धमा</u> ।

श्री स्थानीय तह (सबै)

प्रस्तुत विषयमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको प.सं. ०७७/७८ च.नं.१३५ मिति २०७७/०७/२० को कक्षा १२ को परीक्षा संचालन सम्बन्धी पत्र संलग्न छ। विस्तृत व्यहोरा पत्रबाटै अवगत गरी सोहि बमोजिम गर्नु गराउनु हुन आदेशानुसार अनुरोध छ ।

चिरन्जीवी नेपाल
शाखा अधिकृत

<u>बोधार्थ</u>:
श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, सिंहदरबार, काठमाडौं ।
श्री सूचना तथा प्रविधि शाखा: email मार्फत पठाईदिनु हुन ।

श्री शिक्षा विकास शाखा
पत्रबाट व्यहोरा अवगत गरि
आ का गर्ने
०७७।०८।०८

दर्ता
६४६
८।४

नेपाल सरकार

# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

विद्यालय शिक्षा

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

सिंहदरबार,
काठमाडौं, नेपाल।

पत्र संख्याः- ०७७।०७८
चलानी नं.:- १२५

मिति २०७७/०७/२०

विषय : कक्षा १२ को परीक्षा सञ्चालनका सम्बन्धमा ।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरबार ।

माध्यमिक शिक्षा उतीर्ण परीक्षा (कक्षा १२) को परीक्षा राष्ट्रिय परीक्षा बोर्डले मिति २०७७/०८/०९ देखि १६ गतेसम्म सञ्चालन हुने गरी परीक्षा तालिका प्रकाशित गरेको हुदाँ परीक्षा सञ्चालन तथा व्यवस्थापनमा देहाय बमोजिम गर्न गराउनका लागि त्यहाँ मन्त्रालय मार्फत स्थानीय तहहरुलाई अनुरोध गर्ने भनी मिति २०७७०७१९ मा माननीय मन्त्रीस्तरबाट निर्णय भएकोले निर्णयानुसार अनुरोध गरिन्छ ।

१. परीक्षा सञ्चालन हुने विद्यालयमा क्यारेन्टीन र आइसोलेशन प्रयोग भएको भए निर्मलीकरण गर्ने,

२. कक्षा १२ सञ्चालन भएका सबै विद्यालयहरूमा परीक्षा सञ्चालन हुने हुँदा परीक्षा सञ्चालन अवधिभर विद्यालयमा स्वास्थ्य प्रोटोकलको पालना र विद्यार्थीको स्वास्थ्य निगरानीका लागि आवश्यक व्यवस्था गर्ने,

३. परीक्षाका प्रश्नपत्रहरू सम्बन्धित विद्यालयले प्राप्त गर्ने क्रममा आवश्यक इन्टरनेट, विद्युत तथा सञ्चारको व्यवस्था मिलाइ दिने र प्रश्नपत्रहरूको सुरक्षामा विशेष ध्यान दिने,

४. कोभिड–१९ को संक्रमण भई उपचाररत विद्यार्थीलाई विद्यालयमा नजान जानकारी गराउने र समन्वय गर्ने,गराउने,

५. परीक्षामा सहभागी हुने परीक्षार्थीहरूको आवत जावतमा स्थानीय प्रशासनसँग समन्वय गरी यातायात र आवत जावतको प्रबन्ध मिलाउने,

६. परीक्षाको निरीक्षण तथा अनुगमन गर्ने/गराउने कार्यमा समन्वय गर्ने,

७. विद्यार्थी, अभिभावक र विद्यालयहरूलाई स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गराउन जनचेतना लगायतका सबै कार्यहरू गर्ने ।

गीता शर्मा
शाखा अधिकृत

बोधार्थ :
श्री राष्ट्रिय परीक्षा बोर्ड,
सानोठिमी, भक्तपुर ।